# जैमिनी नगरपालिका

## दोस्रो नगरसभा प्रथम अधिवेशनको बैठकमा

## नगर उपप्रमुख श्री हरिहर शर्माबाट प्रस्तुत बजेट वक्तव्य

### २०७९ साल आषाढ ९ गते

आदरणीय नगरप्रमुखज्यू
नगरसभाका सदस्यज्यूहरु,
राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु
राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी एवं संचारकर्मी मित्रहरु

नेपाली जनताको लामो संर्घषबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधानको प्रवन्ध बमोजिम जनताको घरदैलोमा रहेको स्थानीय सरकार जैमिनी नगरपालिकाको आ.व.२०७९।०८० को बार्षिक वजेट तथा कार्यक्रम सम्मानीत नगर सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । **"सम्बृद्ध जैमिनी खुसी र आत्मनिर्भर जैमिनीवासी"**को लक्ष्य बोकेको दोस्रो नगरसभाको प्रथम अधिवेशनमा आगामी आ.व.२०७९।८० को आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु ।

जन अधिकार र लोकतन्त्र, प्राप्तिका सवै आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति नमन गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै कोभिड १९ जस्तो विश्व महामारीको कारण ज्यान गुमाउनुहुने जैमिनीवासी नागरिकहरु प्रति भावपूर्ण श्रद्धा सुमन व्यक्त गर्दछु । लोकतन्त्र पुर्नवहाली पश्चात राज्यको पुनर्सरचना भई संघीयता कार्यान्वयनको सन्दर्भमा स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई आर्थिक वर्ष ०७९/८० को पहिलो बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर दिनुहुने सम्पूर्ण नगरवासी दिदि वहिनी, दाजुभाईहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

राज्यको पुर्नसंरचना सँगै ग्रामीण परिवेशबाट बनेको नयाँ नगरपालिकालाई जन्म दिई वर्तमान समयसम्म आईपुग्दा यहांको सामाजिक, सांस्कृतिक, आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा भएका कार्यहरु र देखिएका परिवर्तनहरुले जैमिनी नगरको विकासको ढोका खुलेको अनुभूति भएको छ । कोभिड १९ जस्तो महामारी र विगतका बाढी पहिरोले पुऱ्याएको धनजनको क्षति लगायतका चुनौतीपूर्ण अवस्थालाई पार गर्दै नगरलाई यो अवस्थासम्म ल्याई पुऱ्याउन सफल हुनुहुने निवर्तमान जनप्रतिनिधीहरुको नेतृत्व र सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी एवं सम्पूर्ण नगरवासीहरु प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्वको बाँडफाँड, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तिय सुशासन सम्बन्धी आवश्यक व्यवस्थापनका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । संविधानले स्थानीय शासनका अन्तरवस्तुलाई आत्मसाथ गर्नुका साथै नेपालको राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम स्थानीय तहले गर्ने कानूनी व्यवस्था विद्यमान छ । आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानून निर्माण, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, वित्तिय व्यवस्थापन, न्यायिक अधिकार क्षेत्रको प्रयोग तथा आधारभूत भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा स्थानीय तहले जिम्मेवार भई कुशलतापूर्वक कार्यसम्पादन गर्न पाउने अवसरको सृजना भएको छ ।

संघ, प्रदेश र स्थानीयतह विचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । स्थानीय तहमा जनप्रतिनिधिको वहालीसँगै संविधानमा व्यवस्था भएको संघीय लोकतान्त्रिक गणतन्त्र र

संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार संचालन गर्नुपर्ने अभिभारा जनप्रतिनिधि उपर आएको छ । साथै समावेशी लोकतन्त्र, जवाफदेही, पारदर्शी र प्रभावकारी स्थानीय शासनको अनुभिूति जनतालाई गराउने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा रहेको छ ।

हामी **"सम्बृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीबासी"** बनाउने दीर्घकालिन लक्ष्य अनुरुप आर्थिक, सामाजिक एवं लैंगिक समानता तथा सामाजिक समावेशीकरण समेतको विकासको मौलिक ढांचामा अघि वढिरहेका छौं । उत्पादनका मार्फत उच्च आर्थिक बृद्धि सामानुपातिक र न्यायपूर्ण वितरणबाट उचित प्रतिफल हासिल गर्न नगरपालिका क्रियाशील रहेको छ । सवै जैमिनीवासी नागरिकका लागि मर्यादित जीवन, स्वच्छ खानेपानी, न्यूनतम खाद्य सुरक्षा, आधरभूत स्वास्थ्य, शिक्षा र घरवारविहिनलाई सुरक्षित आवास, सुकुम्वासी समस्या समाधान, भौतिक पूर्वाधार विकास, आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन, कृषि र पशुको क्षेत्रमा व्यवसायिकरण गरी उत्पादन बृद्धि र बजारीकरण, स्थानीय स्तरमै रोजगारी सृजना जस्ता क्षेत्रलाई बजेट तर्जुमा गर्दा प्राथमिकतामा राख्दै हालसम्म प्राप्त भएका उपलब्धीहरुलाई संस्थागत गर्दै जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतीबाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने आदर्शबाट निर्देशित हुदै समाजबाद उन्मुख उदियमान र जाँगरिला नागरिकहरुको नगरपालिकाका रुपमा हाम्रो नगरलाई स्थापित गर्न यो वजेट केन्द्रीत गरेकोछु ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, दीगो विकास लक्ष्य, चुनावी प्रतिवद्धता पत्र, हालसम्म नगरसभाबाट बनेका विविध कानूनहरु, वस्ती तथा वडाभेलाका सुझावहरु, विषयगत समितिका छलफल र विश्लेषणहरु, नगरकार्यपालिकाका निर्णयहरुलाई मुख्य आधार बनाएको छु । साथै राजनितिक दल, बुद्धिजीवि, नागरिक समाज, विभिन्न क्षेत्रका विज्ञहरु, नगरवासीहरुसँगको भेटघाट तथा विभिन्न सम्बादका निष्कर्षहरु र सरोकारवालाहरुबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा महत्व दिएको छु ।

**आदरणीय नगरप्रमुखज्यू**
**नगरसभाका सदस्यज्यूहरु**

हाम्रो नगरपालिकाको प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक सामाजिक विकास पूर्वाधारको उपलब्धता, संस्थागत क्षमतालाई ध्यानमा राखि बार्षिक बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ । ग्रामीण क्षेत्रको जनजीवनबाट हुर्केको जैमिनी नगरपालिकालाई सहरीकरण गर्दै आम नगरबासीहरुको सवै ईच्छा र चाहना पुरा गर्ने कार्य छोटो अवधिमा पुरा गर्नुपर्ने वाध्यतालाई अनुभुत गरेको छु । जनताका आवश्यकता र चाहना असिमित छन, तर हामीसँग भएको स्रोत र साधनले असिमित ईच्छा र चाहनाहरु पुरा गर्न सम्भव नभए पनि आवश्यकता, औचित्यता र प्राथमिकतालाई ध्यानमा राखि प्रस्तुत बजेट तर्जुमा  गर्ने प्रयास गरेकोछु ।

हाम्रो मुल ध्येयलाई आत्मसात गरि अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश वढाउने, करको दरलाई कमी गर्दै करको दायरा वढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट, साधन श्रोतको वाडफाँड र विनियोजनमा दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, श्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुनेगरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

आगामी आ.व.२०७९/८० को बजेट तर्जुमा गर्दा मैले जैमिनी नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता अनुसार चालु आवधिक योजना, दीगो विकास लक्ष्य, जैमिनी नगरसभाकाका सदस्यहरुले दिनुभएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**वजेटको लक्ष्य :-**

दीगो विकासमा जोड दिदै उत्पादन बृद्धि गरी आत्मनिर्भर जैमिनीको निर्माण गर्ने ।

**बजेटको उद्धेस्य :-**

१. कृषि, पशुपालन, पर्यटन लगायतका क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने ।

२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. जीवन उपयोगी मुल्यमा आधारित शिक्षाका माध्यमबाट सक्षम र असल जनशक्ति उत्पादन गर्ने।

४. नागरिक सेवालाई गुणस्तरीय, छिटो, छरितो र पारदर्शि बनाउदै सुशासनमा जोड दिने ।

५. रोजगारीका विभिन्न अवसरहरु सृजना गर्न सीप विकासमा जोड दिने ।

६. स्थानीय स्रोत साधनको प्रयोग र जनसहभागिताको परिचालनबाट दीगो र वातावरण मैंत्री विकासमा सहयोग पुऱ्याउने ।

७. सामाजिक समावेशीकरणको माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकासमा सहयोग पुऱ्याउने ।

८. आर्थिक विकासको माध्यमबाट गरीबी न्यूनिकरण गर्दै आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।

९. दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्दै लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने ।

१० वैदेशिक क्षेत्रमा रहेको श्रम, सीप, पुँजी र ज्ञानलाई नगरपालिकाभित्रका सम्भावित लगानीका क्षेत्रमा आर्कषित गर्ने ।

११ **"सम्बृद्ध जैमिनी सुखी जैमिनीवासी"**को अवधारणालाई पुरा गर्न आवश्यक पूर्वाधार तयार गर्ने ।

१२ शान्ति सुरक्षाको प्रत्याभुति दिलाउने ।

१३ समाजवाद उन्मुख अर्थ नीतिमा जोड दिने ।

**प्रस्तुत बजेटका अपेक्षित उपलब्धीहरु :-**

१. नगरपालिका केन्द्र कुस्मीसेरा क्षेत्रको सवै सडक कालोपत्रे र नाली निर्माण गरिनेछ ।

२. नगरपालिका भित्रका १३ वटै दीगो सडकको स्तरोन्नती भई यातायात सेवा सहज हुनेछ ।

३. जैमिनी नपाको जुम्लीखोला मोटरेवल पुल निर्माणको प्रारम्भ गरिनेछ ।

४. आगामी आ.व.को अन्त्यसम्म ५ वटा झोपुको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

५ नगरका ३ वटा जोखिमयुक्त वस्ती संरक्षणको लागि कार्य प्रारम्भ गरिनेछ ।

६. निर्माणाधीन नगरको प्रशासकीय भवनको ५०% कार्य सम्पन्न गरिनेछ ।

७. बांकी रहेका सुकुम्वासी, घरवारविहिनको लागि आवास निर्माण र खरका छाना विस्थापन गर्ने कार्य सम्पन्न गरिनेछ ।

८. नगरस्तरमा करिव १० कि.मी नयाँ सडक निर्माण हुनेछ भने ६० कि.मी.सडकमा मर्मत सुधारका काम गरिनेछ ।

९. नगरस्तरका करिब २५ वटा सामुदायिक तथा संस्थागत भवनहरु निर्माण तथा मर्मत सुधार गरिनेछ ।

१० नगरपालिकाको वडा नं. ३, ८ र १ मा ३ वटा हेलिप्याडको निर्माण कार्य सम्पन्न गरिनेछ ।

११ कृषि तथा पशुपंक्षिजन्य उत्पादन ३०% ले बृद्धि भएको हुनेछ ।

१२ कम्तीमा ५ वटा मासु पसल सुधार गरी मापदण्डका आधारमा स्वच्छ र गुणस्तरीय मासु उत्पादन उत्पादन भएको हुनेछ ।

१३ पशुस्वास्थ्य शिविर गरी कम्तीमा ५०००। पशुहरुको स्वास्थ्य परीक्षण हुनेछ ।

१४ पशुहरुको नश्ल सुधारबाट उन्नत पशुपालनको विकास भएको हुनेछ ।

१५ स्थानीयस्तरमा पशुहरुमा पूर्णखोप सुनिश्चता हुनेछ ।

१६ अलैंचि तथा अन्य मसलावालीहरुको क्षेत्र विस्तार भई बांझो जग्गाको उपयोग भएको हुनेछ ।

१७ खाद्यान्नवाली तथा तरकारीवालीको विउ उत्पादन गरी अनुमानित ५ समूहको आम्दानीको श्रोत बृद्धि हुनेछ ।

१८ प्रविधि प्रसारको माध्यमबाट नगरपालिकास्तरका अनुमानित ३० जना युवाहरु स्वरोजगार हुनेछन ।
१९ पर्यटन क्षेत्रको पूर्वाधार विकास र प्रचारको मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुको आगमनमा बृद्धि भएको हुनेछ ।
२० गुणस्तरीय शिक्षाका लागि नगरपालिकामा एक लिड स्कुल संचालनको आधार तयार गरिनेछ ।
२१ उत्कृष्ण उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रमले शिक्षा र उत्पादनलाई जोडेको हुनेछ।
२२ नगर अस्पतालको भवन निर्माण कार्य प्रारम्भ हनेछ ।
२३ कोभिड १९ खोप लगाउन बाकी सम्पूर्ण नागरिकलाई कोभिड १९ को पूर्ण खोप प्रदान गरिएको हुनेछ ।
२४ पहुँच कम भएका वस्ती तथा समुदायको छनौट गरी कम्तीमा ५ वटा स्थानमा विशेषज्ञद्वारा एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ ।
२५ टेलिमेडिसिन सेवा मार्फत नागरिकको स्वास्थ्य सेवाको पहुँच विस्तार भएको हुनेछ ।
२६ बाह्रै महिना अत्यावश्यकीय औषधीको सुनिश्चितता हुनेछ ।
२७ स्वास्थ्य उपकरणहरुको व्यवस्थापनबाट सहज स्वास्थ्य सेवा प्रदान भएको हुनेछ ।
२८ आमा र बच्चाको स्वास्थ्यलाई ध्यानमा राखि **“गर्भवतिको साथी पोषण स्वास्थ्यकर्मी र स्वयंसेविका कार्यक्रम”** अभियानको रुपमा संचालन गरिएको हुनेछ ।
२९ **“प्रसुतिको लागि यातायात सेवा कार्यक्रम”** संचालनमा आएको हुनेछ ।
३० १३८ महिला स्वयंसेविका र निजका परिवारहरु निशुल्क स्वास्थ्य विमा कार्यक्रमबाट लाभान्वित हुनेछन ।
३१ बालमैत्री स्थानीय शासनका लागि कार्य प्रारम्भ भएको हुनेछ ।
३२ लैंगिक हिंसा निवारण कोष स्थापना गरी हिंसा पिडित महिलाहरुलाई तत्काल उद्धार एवं सहयोग पुऱ्याउन सहयोग पुगको हुनेछ ।
३३ गरिव तथा विपन्न परिवारका लक्षित वर्गहरुमा आयआर्जन कार्यक्रम मार्फत आम्दानीमा बृद्धि भएको हुनेछ ।
३४ वडास्तरमा अपाङ्गता परिचयपत्र वितरण गरी नागरिकहरुले सहजता महशुस गरेका हुनेछन ।
३५ वडाको टोलटोलमा पुगी सामाजिक सुरक्षा लाभग्राहीहरुको पहिचान गर्ने, खाता खोल्ने र नविकरण गर्ने कार्य प्रभावकारी हुनेछ ।
३६ नगरका ७ वटा वडाबाट सामाजिक सुरक्षा, व्यक्तिगत घटनाका विवरणहरु अनलाईन मार्फत प्रविष्ट भएको हुनेछ ।
३७ नगरका सवै वडामा वैंकहरुको सहकार्यमा सामाजिक सुरक्षा भत्ता वितरण भएको हुनेछ ।
३८ नगरपालिकामा प्राप्त हुने गुनासो तथा उजुरीहरुलाई व्यवस्थित गर्दै गुनासो अभिलेखन तथा व्यवस्थापन प्रभावकारी भै सुशासन प्रवर्द्धन हुनेछ ।
३९ नागरिक सहायता कक्षको सहयोगबाट नागरिकहरुले सहज सेवा प्राप्त भएको महशुस गर्नेछन ।
४० सार्वजनिक सुनुवाई, डिजिटल नागरिक वडापत्र, संचार माध्यमहरुसँगको अन्तर सम्बाद कार्यक्रम मार्फत सुशासन, पारदर्शिता, जवाफदेहिता कायम भएको हुनेछ ।
४१ विपदको कारणबाट सम्भावित क्षतिको पहिचान गरी तत्काल राहत उपलब्ध गराईनेछ।
४२ वन, वातावरण तथा विपद व्यवस्थापन समिति विपदजन्य जोखिम न्यूनीकरण, राहत उद्धार र पुर्ननिर्माण कार्यमा क्रियाशिल भएको हुनेछ ।
४३ विपद व्यवस्थापन कोषलाई प्रभावकारीरुपमा परिचालन गरिएको हुनेछ ।
४४ फराकिलो करको दायरा र असल करदाता सम्मानको नीतिले नागरिकहरुमा कर तिर्ने बानीको विकास हुनेछ ।
४५ छिटो छरितो प्रभावकारी न्याय सम्पादनले नागरिकको समय र खर्च वचतको वातावरण सृजना भएको हुनेछ ।

**बजेट तर्जुमाका आधारहरु**

१. नेपालको संविधान २०७२
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग ऐन २०७४
४. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड
६ स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४
७. उपलब्ध स्थानीय स्रोत र साधन
८. विकासका अन्तर सम्बन्धित विषयहरु
९. नगरपालिकाले चालु आ.व.को कार्यसम्पादनबाट सिकेका महत्वपूर्ण सिकाईहरु
१० सहभागितामुलक योजना तर्जुमा प्रकृयाबाट प्राथमिकता प्राप्त भई आएका योजना तथा कार्यक्रमहरु
११ विषयगत समितिबाट प्राप्त राय सुझावहरु
१२ राजनितिक दलका प्रतिवद्धताहरु
१३ नगरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम
१४ विभिन्न क्षेत्रका विज्ञहरुको राय सुझाव र सल्लाह

**बजेट तर्जुमा विधि**

१. राजस्व परामर्श समितिबाट राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेष्ण गरी राजस्वको अनुमान र दर सिफारिस ।
२. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट आन्तरिक र अन्य स्रोतको अनुमान गरी वडागत र विषय क्षेत्रगत सिमा र मार्गदर्शन ।
३ सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गरी वस्ती तथा वडास्तरबाट जनप्रतिनिधि मार्फत योजना तथा कार्यक्रम छनौट र प्राथमिकिकरण ।
४ नगरस्तरीय विषयगत समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति हुंदै कार्यपालिका वैठकमा भएका छलफल तथा भएका निर्णयहरु ।

**योजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु**

१. आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
४. स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
६ महिला, वालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७. लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभिबृद्धि गरी मूल प्रवाहमा ल्याउने,
८. भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,
९. दिगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,
१० सुशासन मार्फत नागरिकहरुको सवै सेवामा पहुँच पुऱ्याउने ।
११ वाह्य श्रोत, साधन र पुँजीको आकर्षणमा जोड दिने ।
१२ दिगो विकासका लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने ।

**अध्यक्ष महोदय,**

अव म जैमिनी नगरपालिकाको गत आ.व.२०७७।७८ र चालु आ.व.२०७८।७९ को समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जैमिनी नगरपालिका भित्र रहेका विषयगत क्षेत्र तर्फ हासिल गरेका उपलब्धी विवरणहरु निम्न बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पूर्वाधार विकास**

१. गत आ.व.०७७।७८ र चालु आ.व.को वर्तमान सम्म ३५ कि.मी. थप नयाँ सडक निर्माण भएको छ । हालसम्म नगरपालिकाभित्र अनुमानित ३९० कि.मी.सडक तयार भएको छ ।
२. सडक स्तरोन्नती र मर्मत सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्य भैरहेको छ ।
३. नगरक्षेत्र भित्र हालसम्म ३.७ कि.मी.सडक नगरपालिकाको तर्फबाट कालोपत्रेस्तरमा सम्पन्न भएको छ भने चालु आ.व.को अन्त्य सम्ममा थप १.कि.मी सडक कालोपत्रे सम्पन्न हुनेछ ।
४. २ वटा झोलुङ्गेपुल निर्माण सम्पन्न भएको छ ।
५. १०.७ कि.मी.गोरेटोबाटो निर्माण, मर्मत गरिएको छ ।
६. नगरस्तरमा पोखरी मर्मत तथा संरक्षण, भवन मर्मत, पैदल मार्ग निर्माण, मठ मन्दिर संरक्षण, विद्यालय, स्वास्थ्यचौकी व्यवस्थापन लगायतका अन्य पूर्वाधारका कार्यहरु सम्पन्न गरिएका छन ।
७. नगरपालिका क्षेत्रमा काठेपोललाई फलामे पोलमा परिवर्तन गर्ने कार्य ८५% भन्दा वढी सम्पन्न भएको छ ।
८. नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ भएको छ ।

**सुशासन तथा संस्थागत विकास**

१. स्थानीय तहको स्वमुल्याङ्कन (Lisa) मा जैमिनी नगरपालिका जिल्लास्तरमा उत्कृष्ट हुन सफल भएको ।
२. ५ वटा वडा कार्यालयबाट सूचना प्रविधिको प्रयोग मार्फत राजस्व संकलन भएको छ ।
३. लागु पदार्थ दुर्व्यशनी सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरी सभ्य, सुसंस्कृत समाज निर्माणमा सहयोग पुगेको छ ।
४. विविध पारदर्शिता र उत्तरदायित्व सम्बन्धी तालिम संचालन गरी सुशासन कायम हुन सहयोग पुगेको छ ।
५. नगर तथा वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी जवाफदेहीता प्रवर्द्धन गर्न टेवा पुगेको छ ।
६. नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण गरी योजना तथा बजेट निर्माणको लागि आधार तयार भएको छ ।

**आर्थिक विकास समिति**

१. नगरपालिकाको केन्द्रमा दुग्ध चिस्यान केन्द्र स्थापना भएको छ । दैनिक १,००० लिटर दुध जिल्ला वाहिर निकासी भएको छ । जसबाट बार्षिक रु.२ करोड कृषकको आम्दानी भएको छ ।
२. जैमिनी नगरक्षेत्रबाट बार्षिक अनुमानित २,००० भन्दा वढी खसी वोकाको निर्यात भएको छ । आन्तरिक रुपमा करिव ४,००० भन्दा वढी खसी वोका खपत भई कृषकको आम्दानी बृद्धि भएको छ ।
३. लोकल तथा लेयर्स कुखुरा पालन कार्यक्रमबाट कृषकहरुले मासु तथा अण्डा उत्पादन गरी औषत प्रति परिवार बार्षिक रु.५,००० देखि १०,०००। थप आम्दानी गर्न सफल भएका छन ।

४. कुखुरा, बाखा, वंगुरपालन लगायत पशु पंक्षीको व्यवशायिक पालन गर्ने कृषकहरुको संख्या ३०० भन्दा बढी रहेको छ ।

५. विगत ५ वर्षको तुलनामा प्रतिवर्ष मासु आयात करिब ९०% घटेको छ ।

६. कृत्रिम गर्भाधानको माध्यमबाट उन्नत नश्लका पशु उत्पादनमा बृद्धि भई दुध उत्पादनमा बृद्धि र उन्नत पशु आयातको संख्या घटेको छ ।

७. डालेघाँस, भुईघाँसको विकासबाट पशु आहारको आपूर्तिमा सहयोग पुगेको छ ।

८. जैमिनी नगरक्षेत्रबाट उत्पादन भएको सुन्तला खेतीबाट बार्षिक १८,००,०००।, अलैंचि विक्रिबाट रु.५०,००,०००।, आलुखेतीबाट रु.९,००,०००, केराखेतीबाट रु.२०,००,०००। आम्दानी भएको प्रारम्भिक अनुमान छ ।

९ कृषिमा प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व बृद्धि भएको छ । उत्पादन लागत २०% सम्म घटेको छ ।

१० नगरपालिकास्तरीय पर्यटन प्रोफाईल तयार भएको छ । पर्यटन पूर्वाधार अन्तरगत हाडिकोट र गाजादहको विस्तृत परियोजना प्रतिवेदन तयार छ ।

११ हाडिकोटको पर्यटन भ्यूटावर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१२ लघु उद्यम विकास कार्यक्रमबाट हालसम्म १३३ जनालाई विभिन्न प्रकारका लघु उद्यम सम्बन्धी तालिम प्रदान भैसकेको ।

## सामाजिक विकास समिति

### स्वास्थ्य

१. कोभिड १९ रोग विरुद्ध १२ वर्ष भन्दा माथिको उमेर समूहका नागरिकलाई खोप कार्यक्रम संचालन गरी नागरिकको खोप सुनिश्चता भएको छ ।

२. नगर अस्पतालको लागि आवश्यक जग्गा व्यवस्थापन भएको छ ।

३. नगरक्षेत्र भित्र स्वास्थ्य सेवाको पहुंच नपुगेका नागरिकलाई स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन शहरी स्वास्थ्य केन्द्रको संचालन गरिएको छ ।

४. वर्षभरी न्यूनतम आवश्यक औषधीको आपूर्ति नियमित भएको छ ।

५. प्रत्येक वडामा गर्भवति महिलामा गर्भवाट जटिलता पत्ता लगाई मातृ मृत्युदर कम गर्न ग्रामीण भिडियो एक्सरे कार्यक्रम संचालन भएको छ ।

६. प्रत्येक वडामा परिवार नियोजनका स्थायी र अस्थायी सेवा दिन घुम्ती सेवा प्रदान गरिएको छ ।

७. मातृमृत्यु, नवशिशु मृत्यु, शिशुमृत्यु दर घटाई औषत आयु वढ्न सहयोग पुगेको छ ।

८. नगरको २ स्थानमा पाठेघर खस्ने समस्या तथा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ परीक्षण संचालन भएको छ ।

९. स्वास्थ्यचौकीहरु प्रविधिमैत्री भएका छन ।

### शिक्षा

१. शैक्षिक गुणस्तर बृद्धिका लागि गरिएका प्रयासहरुबाट कक्षा ८ का विद्यार्थीहरु शत प्रतिशत उतिर्ण भएका छन ।

२. चालु आ.व.मा कक्षा ८-१२ का छात्राहरुलाई सेनिटरी प्याड वितरणवाट यसबाट विद्यार्थी नियमितता बढेको छ ।

३. वालवालिकाका लागि दिवाखाजाको प्रवन्धले विद्यालय निरन्तरता र सिकाई उपलब्धी वृद्धि भएको छ ।

४. सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ८० वटै विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ ।

५ दलित तथा छात्रा छात्रवृति वितरण, शान्ति माविमा प्राविधिक धार छात्रवृति वितरण र सबै विद्यालयमा प्रति विद्यार्थी लागत अनुदान वितरण गरिएबाट पहुँचमा बृद्धि र सिकाई उपलब्धी बढाउन सहयोग पुगेको छ ।
६. जैमिनी नगरपालिकाको शैक्षिक प्रोफाईल निर्माण भएको छ ।
७. विद्यालयहरुमा भौतिक पूर्वाधार विकास र प्रविधिको प्रयोगले गुणस्तरीय सिकाईलाई टेवा पुगेको छ ।
८. सिकाई परियोजना कार्यक्रमले विद्यार्थी र अभिभावकहरुलाई शिक्षा प्रतिको चेतना अभिबृद्धि गर्न र विद्यालय र समुदाय विचको सम्बन्ध सुधार गर्न महत्वपूर्ण सहयोग पुगेको छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

१. पहिचान भएका नगरका २२ जना सुकुम्वासी मध्ये १९ जनाको घरवासको व्यवस्था मिलाईएको छ ।
२. सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश भएका २३० घर मध्ये हालसम्म ११६ घरपरिवारको सुरक्षित आवास निर्माण भएको छ ।
३. नगरभित्र सूचिकृत भएका १०९० खरका छाना मध्ये हालसम्म ५१५ घरधुरीलाई जस्तापाता वितरण गरी खरका छाना मुक्त बनाईएको ।
४. जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न भएको छ ।
५. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण गरी दैनिक जीवन सहज भएको छ ।
६. हालसम्म नगरपालिकाबाट अपाङ्गता परिचय पत्र वितरण “क” वर्गको २३ जना “ख” वर्गको ५० जना “ग” वर्गको ११ जना र “घ” वर्गको १४ जनाले प्राप्त गरेका छन ।
७. लैंगिक हिंसा र जातिय विभेद अत्यका लागि सचेतना कार्यक्रम एवं अन्तरक्रिया, क्षमता अभिबृद्धि कार्यक्रम संचालन भएको छ ।
८. लक्षितवर्गको छनौट गरी आयमुलक कार्यक्रम संचालन भएका छन जसबाट उनीहरुको आम्दानी बृद्धि गर्न सहयोग पुगेकोछ ।

**न्यायिक समिति**

१. न्यायिक समितिमा परेका उजुरीहरु मध्ये ८०% भन्दा वढी मुद्धाहरु आपसी छलफलबाट निरुपण गर्न सकिएकोछ ।
२. स्थानीयस्तरमा आपसी छलफलबाट मेलमिलाप गराई समस्याको समाधान गर्दै जाँदा पिडक र पिडित दुवै पक्षलाई आर्थिक र समयको वचत हुन गई सहयोग पुगेको छ ।

**सामाजिक सुरक्षा**

१. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई वैंकिङ प्रणालीमा आवद्ध गरी सेवा पुर्‍याईएको छ ।
२. नगरका ४ वटा वडाबाट व्यक्तिगत घटना दर्ता प्रकृया अनलाईन मार्फत गर्ने गरिएको छ ।
३. वडास्तरमा नै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई वैंकिङ सेवा पुर्‍याई सेवा प्रदान गर्न शुरुवात भएको छ ।
४. व्यक्तिगत घटना सम्बन्धी लगतमा रहेका पुराना नामावलीहरुलाई अनलाईनमा प्रविष्ट गरी व्यवस्थित गरिएको छ ।
५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम प्रदान गरी वडा सचिवहरुको क्षमता अभिबृद्धि गरिएको छ ।

**महोदय,**

अव म आगामी आर्थिक वर्ष २०७९।८० का लागि वजेट विनियोजनका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्राथमिकताका मुख्य क्षेत्रहरु**

| | |
|---|---|
| १ | कृषि र पशुपालनको क्षेत्रलाई विशेष रोजगारी र उद्यमसँग जोड्न सकियोस भनी विशेष महत्वका साथ बजेट विनियोजन गरेको छु । |
| २ | विभिन्न प्रकारका दैविप्रकोप, महामारीका घटनाबाट पिडित कृषकहरुलाई तत्काल राहत प्रदान गर्न विपद राहत कोष स्थापनाको लागि बजेट विनियोजन गरेको छु । |
| ३ | कृषि मजदुर कार्यक्रम र पशुपंक्षीपालक कृषकहरुलाई अनुदान कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु । |
| ४ | उद्योगग्राम संचालन र अन्य आवश्यक पूर्वाधार निर्माण कार्यका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्न बजेट प्रस्ताव गरेको छु । |
| ५ | लागत साझेदारी, सार्वजनिक निजी साझेदारी को क्षेत्रमा काम गर्ने गरी बजेट विनियोजन गरेको छु । |
| ६ | युवा तथा वेरोजगार जनशक्तिलाई सीपमुलक कार्यक्रममा जोड्न विभिन्न प्रकारका सीप विकास तालिमहरु संचालन गर्न बजेट प्रस्ताव गरेको छु । |
| ७ | निर्माण शुरु गरिएका पर्यटकीय पैदलमार्ग तथा अन्य पर्यटन पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु । |
| ८ | शैक्षिक गुणस्तर सुधार र विकासका लागि यथोचित बजेट प्रस्ताव गरेको छु । |
| ९ | वालविकास केन्द्र तथा विद्यालय कर्मचारीहरुको नपुग पारिश्रमिकका लागि थप बजेट व्यवस्था गरेको छु । |
| १० | प्राविधिक शिक्षा छात्रवृति कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेको छु । |
| ११ | नगरको एकमात्र शान्तिदिप वहुमुखी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको लागि आवास सहित विशेष छात्रवृति उपलब्ध गराउन बजेट विनियोजन गरेको छु । |
| १२ | लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा बजेट प्रस्ताव गरेको छु । |
| १३ | लैंगिक हिंसा निवारण कोष स्थापनाको लागि बजेट व्यवस्था गरेको छु । |
| १४ | **गर्भवतिको साथी पोषण स्वास्थ्यकर्मी र  स्वयंसेविका कार्यक्रम** संचालन गर्न बजेट व्यवस्था गरेको छु । |
| १५ | महिला स्वास्थ्य स्वयंसेविका र निजका परिवारलाई निशुल्क स्वास्थ्य विमा गर्न बजेट व्यवस्था गरेको छु । |
| १६ | गर्भवति र असक्त विरामीलाई तत्काल उद्धार  पुऱ्याउन ३ वटा हेलिप्याड निर्माण गर्ने गरी बजेट प्रस्ताव गरेको छु । |
| १७ | वडास्तरका दिगो सडक आयोजनाहरुलाई निरन्तरता दिने गरी बजेट प्रस्ताव गरेको छु । |
| १८ | संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक व्यवस्था गरेको छु । |
| १९ | गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट प्रस्ताव गरेको छु । |
| २० | नगरपालिकाबाट निरन्तररुपमा संचालित खरका छाना विस्थापन, घरवार विहिनहरुको लागि घर निर्माण, सुकुम्वासी समाधानका लागि क्षेत्रमा बजेट विनियोजन गरेको छु । |
| २१ | नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि बजेट प्रस्ताव गरेका छु । |
| २२ | नगरस्तरका सडक संजालले नछोएका बस्ति तथा केन्द्र जोड्नका लागि बजेट प्रस्ताव गरेको छु । |
| २३ | विपदमा परेकाहरुको लागि राहत वितरण तथा जोखिमको क्षेत्रहरुलाई न्यूनिकरण गर्न विपद व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरेको छु । |

| | |
|---|---|
| २४ | विविध विषयका विज्ञहरुको अध्ययन अनुसन्धान, राय परामर्शका लागि विज्ञ सम्मेलन आयोजना गर्न र लगानी सम्मेलनका लागि आवश्यक पर्ने बजेट चालु तर्फको शिर्षकबाट खर्च गर्ने प्रवन्ध मिलाएको छु । |
| २५ | जैमिनीको दीर्घकालिन विकासका लागि आवधिक योजना र मध्यकालिन खर्च संरचना तयार गर्न बजेट प्रस्ताव गरेको छु । |
| २६ | नागरिकको सेवालाई छिटो, छरितो र पारदर्शि बनाउँदै सुशासनको प्रत्याभूति दिन आवश्यक कार्यक्रमका लागि बजेट प्रस्ताव गरेको छु । |
| २७ | आन्तरिक आय बृद्धिको लागि करको दायरालाई फराकिलो बनाउदै असल करदाता सम्मान लगायतका कार्यक्रम संचालन गर्न चालु शिर्षकमा बजेटको प्रवन्ध गरेको छु । |
| २८ | न्याय सम्पादनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु । |
| २९ | नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा आवश्यकता अनुसारको बजेट विनियोजन गरेको छु । |

**अध्यक्ष महोदय,**

अव म गत आ.व.२०७७।७८ र चालु आ.व.२०७८।७९ को समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०७९।८० को आय व्ययको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

गत आर्थिक वर्ष २०७७।७८ को आषाढ मसान्तसम्म चालु तर्फ रु.३६८५६९१०८ (छत्तिस करोड पचासि लाख उनसत्तरी हजार एक सय आठ) र पुँजीगत तर्फ रु.२१४६८६३७१ । (एक्काईस करोड, छयालिस लाख छयासी हजार तीन सय एकहत्तर रुपैया) गरी कुल रु.५८३२५५४७९। (अन्ठाउन्न करोड बत्तिस लाख पचपन्न हजार चार सय उनान्असी रुपैया) यथार्थ खर्च भएको छ । चालु आ.व.२०७८।७९ आषाढ ५ गते सम्म कुल संसोधित विनियोजित बजेट रु.६९५८९५८१५। (उनान्सत्तरी करोड अन्ठाउन्न लाख पन्चान्नब्बे हजार आठ सय पन्ध रुपैया) भएकोमा चालु तर्फ रु. ३१०२०७४९४। (एकतीस करोड दुई लाख सात हजा चार सय चौरान्नब्बे रुपैया) र पुँजीगत तर्फ रु.११६४०४०३७ (एघार करोड चौसठ्ठी लाख चार हजार सैतिस रुपैया( खर्च भई सकेको छ भने चालु आ.व.को आषाढ मसान्त सम्म चालु र पुँजीगत शिर्षकमा औषत ८५% खर्च हुने अनुमान छ ।

| आव. २०७९।८० को आय अनुमान | | |
|---|---|---|
| १ | चालु आ.व.२०७८।७९ बाट खर्च नभई मौज्दात हुने रकम रु. | ३३३०००००। तीन करोड तेत्तिस लाख रुपैया मात्र । |
| २ | संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु. | १२७४०००००। वाह्र करोड चौहत्तर लाख रुपैया मात्र । |
| ३ | संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. | १३००००००। एक करोड तीस लाख रुपैया मात्र । |
| ४ | संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान | ५००००००। पचास लाख रुपैया मात्र । |
| ५ | सडक वोर्ड नेपाल साझेदारी कार्यक्रम | ६००००००। साठी लाख रुपैया मात्र। |
| ६ | संघीय सरकारबाट प्राप्त हुने राजस्व वाडफाड शिर्षकमा प्राप्त हुने अनुदान रु. | १०१६११०००। दश करोड सोह्र लाख एघार हजार रुपैया मात्र । |
| ७ | प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण | १४७०९०००। एक करोड |

| | | |
|---|---|---|
| | अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु. | सतचालिस लाख नौ हजार रुपैया मात्र । |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने राजस्व वाडफाड शिर्षकमा प्राप्त हुने अनुदान रु. | ८०५३०००। असी लाख त्रिपन्न हजार रुपैया मात्र । |
| ९ | नगरपालिकाको विभिन्न शिर्षकमा प्राप्त हुने आन्तरिक आय रु. | ९००००००। नब्बे लाख रुपैया मात्र । |
| १० | संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान(शिक्षा, स्वास्थ्य, कृषि, पशु, झोलुङ्गेपुल, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा घटनादर्ता सुदृढिकराण आयोजना, सुरक्षित आप्रवाशन लगायत) जम्मा रु. | ३७७००००००। सैत्तिस करोड सत्तरी लाख रुपैया मात्र । |
| ११ | गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सम्पुरक र विशेष अनुदान रकमबाट प्राप्त हुने रु. | १२००००००। एक करोड वीस लाख रुपैया मात्र । |
| १२ | वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, निशर्त अनुदान, विशेष अनुदान, सम्पुरक अनुदान, राजस्व वाडफाड र आन्तरिक आय समेतको कुल जम्मा रु. | ७०७०७३०००। सत्तरी करोड सत्तरी लाख त्रिहत्तर हजार रुपैया मात्र । |

| आव. २०७९।८० को व्यय अनुमान | | |
|---|---|---|
| **क)** | **सम्पुरक कोष** | ३,००,००,०००। |
| **१.** | **आर्थिक विकास रु.** | १,६५,००,०००। |
| १.१ | **कृषि तथा पशुसेवा कार्यक्रम** | |
| १.१.१ | कृषकसंग नगरपालिका कार्यक्रम(पशूपंक्षी पालक कृषकलाई अनूदान कार्यक्रम) | २०,००,००० |
| १.१.२ | कृषि मजदुर परिचालन परियोजना | १५,००,००० |
| १.१.३ | कृषि उपज संकलन, कोल्ड च्याम्वर जग्गा व्यवस्थापन तथा साझेदारी कार्यक्रम | १०,००,००० |
| १.१.४ | स्थानीय कुखुरापालन फर्म प्रोत्साहन | ५,००,००० |
| १.१.५ | पशू आहारा तथा पशू पोषण कार्यक्रम | ३,००,००० |
| १.१.६ | दूध संकलन केन्द्र व्यवस्थापन | ५००००० |
| १.१.७ | मसलावाली विकास कार्यक्रम | ४,००,००० |
| १.१.८ | जडिवुटी विकास कार्यक्रम | २,००,००० |
| १.१.९ | असल कृषि अभ्यास अभिमूखिकरण कार्यक्रम | १,००,००० |
| १.१.१० | मिनी ट्रेलर खरिद तथा वितरण | ५,००,००० |
| १.१.११ | माटो परीक्षण | १,००,००० |

| | | |
|---|---|---|
| १.१.१२ | भेटेरिनरी ल्याव तथा सामाग्री व्यवस्थापन | १,००,००० |
| १.१.१३ | विउ विजन खरिद तथा वितरण | १,५०,००० |
| १.१.१४ | भेटेरिनरी औषधी खरिद | ३,००,००० |
| १.१.१५ | आर्थिक विकास अन्तरगत विभिन्न दिवस मनाउने कार्यक्रम | २,००,००० |
| १.१.१६ | फलफुल विकास कार्यक्रम | २,००,००० |
| १.१.१७ | तरकारीखेती तथा विउ उत्पादन | २,५०,००० |
| १.१.१८ | मौरिपालन प्रवर्द्धन कार्यक्रम | १,००,००० |
| १.१.१९ | आलुवाली विकास कार्यक्रम | ३,००,००० |
| १.१.२० | महिलाहरुको लागि करेशावारी तालिम | १,००,००० |
| १.१.२१ | बांदर नियन्त्रणका लागि अनुसन्धान कार्यक्रम | २,००,००० |
| १.१.२२ | कृषक राहत कोष स्थापना | ६,००,००० |
| **१.२** | **संस्कृति तथा पर्यटन विकास** | |
| १.२.१ | मारुनी होमस्टे साझेदारी कार्यक्रम | २,००,००० |
| १.२.२ | स्वामीरुख सिरुवारी भैरवस्थान पदमार्ग | ३,००,००० |
| १.२.३ | भुनिया पुतलीगरा पुरानोगाउ पदमार्ग | ३,००,००० |
| १.२.४ | जैमिनीधाम विनामारे रिठेडाडा माईकोस्थान पदमार्ग | ३,००,००० |
| १.२.५ | गाजादह क्षेत्र संरक्षण | २,००,००० |
| १.२.६ | हाडिकोट भ्युटावर | ३,००,००० |
| १.२.७ | वेलवगर बाओ विहारथला पदमार्ग | ३,००,००० |
| १.२.८ | दुर्लेवेसी शिवपुरी मन्दिर पदमार्ग | १,५०,००० |
| १.२.९ | लाम्सू हात्तिढूंगा पदमार्ग | १,५०,००० |
| १.२.१० | सूम्सा आकाशे पूल अर्जेवा लब्लीडाडा देविस्थान पदमार्ग | २,००,००० |
| १.२.११ | देउराली भान्सेडाडा देवलधारा श्रीसगाउ डाडाखानी पदमार्ग | २,००,००० |
| १.२.१२ | ठेउलेखोला मोटरेवलपूल देखि मौलाछ सर्कुवा पदमार्ग | ३,००,००० |
| **१.३** | **लघु उद्यम संचालन तथा प्रवर्द्धन** | |
| १.३.१ | जुत्ता चप्पल सिलाई तथा मर्मत तालिम | ३,००,००० |
| १.३.२ | एकल तथा वेसहारा महिलाहरुका लागि क्रिष्टल तालिम | ३,००,००० |

| | | |
|---|---|---|
| १.३.३ | विभिन्न सीप विकास तालिम संचालन | ३,००,००० |
| १.३.४ | आरन तथा औजार प्रवर्द्धन कार्यक्रम | ३,००,००० |
| **१.४** | **उद्योग तथा बाणिज्य** | |
| १.४.१ | उद्योग ग्राम डिपिआर निर्माण | १५,००,००० |
| १.४.२ | लघुउद्यम संचालन तथा प्रवर्द्धन | ५,००,००० |
| १.४.३ | व्यवशायीसंग सम्बाद तथा व्यापार बाणिज्य प्रवर्द्धन कार्यक्रम | २,००,००० |
| **१.५** | **सहकारी तथा वित्तिय** | |
| १.५.१ | सहकारी तथा वित्तिय विकास प्रवर्द्धन कार्यक्रम | २,००,००० |
| १.५.२ | सार्वजनिक निजी साझेदारी(कृषि, सहकारी संस्था) कार्यक्रम | ४,००,००० |
| **२** | **सामाजिक विकास** | **२,९५,००,०००।** |
| **२.१** | **शिक्षा** | |
| २.१.१ | बाल बिकास केन्द्रका सहजकर्ता र बिद्यालय कर्मचारीको तलव भत्ता | १,०६,१४,५०० |
| २.१.२ | कक्षा ५, ८ र १० का परीक्षाका आधारमा शिक्षक र बिद्यार्थीहरु पुरस्कार | १,५०,००० |
| २.१.३ | आधारभुत र माध्यमिक बिद्यालय पुरस्कार | २,००,००० |
| २.१.४ | बिद्यालय व्यबस्थापन समितिका लागि अभिमूखीकरण कार्यक्रम | १,२५,००० |
| २.१.५ | कक्षा ८, कक्षा ५, र कक्षा ३ को परीक्षा सुदृढिकरण तथा संचालन र अभिमुखिकरण | ४,५०,००० |
| २.१.६ | प्राबिधिक धार तर्फका बिद्यार्थीका लागि छात्रबृत्ति | ६,४०,००० |
| २.१.७ | स्थानिय पाठ्यक्रम निर्माण | ४,००,००० |
| २.१.८ | राष्ट्पति रनिङ शिल्ड प्रतियोगिता संचालन | ३,००,००० |
| २.१.९ | नगरपालिका भित्रका प्रधानाध्यापक र अन्य बैठक | २,००,००० |
| २.१.१० | बिद्यालय अनुगमन, इन्धन खर्च र संचार | १,००,००० |
| २.१.११ | बिभिन्न शैक्षिक तालिम गोष्ठि सेमिनार | ४,००,००० |
| २.१.१२ | आबाशिय लिड स्कूल संचालनका लागि आधार निर्माण | १०,००,००० |
| २.१.१३ | शिक्षा सम्बन्धी भेला र दिबश व्यबस्थापन खर्च | १,००,००० |
| २.१.१४ | सबै बिद्यालयका शिक्षकहरु लाइ :Iemis अभिमूखिकरण र | २,००,००० |

| | | |
|---|---|---|
| | व्यबस्थापन | |
| २.१.१५ | बिद्यालय दरवन्दी मिलान र शिक्षक व्यबस्थापन | ७५,००० |
| २.१.१६ | शैक्षिक क्यालेण्डर निर्माण र प्रकाशन | १,००,००० |
| २.१.१७ | बिद्यालय  संग लागत साझेदारी कार्यक्रम | १०,००,००० |
| २.१.१८ | उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम माबि तह | २,७०,००० |
| २.१.१९ | बिद्यालयका प्रधानाध्यापकहरुका लागि प्रोत्साहन प्रअ भत्ता | ३,००,००० |
| २.१.२० | नगर स्तरिय अतिरिक्त क्रियाकलाप संचालन | १,००,००० |
| २.१.२१ | बाल बिकास कक्षा व्यस्थापन | ५,००,००० |
| २.१.२२ | नगर स्तरिय पढाइ मेला | १,००,००० |
| **२.२** | **आर्युवेद तर्फ** | |
| २.२.१ | अत्यावस्यक आयुर्वेद औषधी खरिद | २,००,००० |
| २.२.२ | चूर्ण औषधी निर्माण | २,५०,००० |
| २.२.३ | नागरिक आरोग्य क्लिनिक सञ्चालन र व्यवस्थापन | २,००,००० |
| २.२.४ | स्थानीय जनतालाई जडिवुटी परिचयात्मक कार्यक्रम | ५०,००० |
| **२.३** | **सामाजिक विकास अन्य कार्यक्रम** | |
| २.३.१ | खानेपानी तथा सरसफाइ | ४,००,००० |
| २.३.२ | संस्कृती प्रबर्धन कार्यक्रम | ५,००,००० |
| २.३.३ | खेलकूद | ५,००,००० |
| २.३.४ | बालमैत्री स्थानिय शासन | ५,००,००० |
| २.३.५ | शान्तिदिप बहुमुखी क्याम्पसका उत्कृष्ठ, दलित र अल्पसंख्यक बिद्यार्थीका लागि छात्रबृत्ति कार्यक्रम | ५,००,००० |
| २.३.६ | शान्तिदिप बहुमुखी क्याम्पसको छात्रबास व्यबस्थापन | ५,००,००० |
| २.३.७ | प्राथमिक स्वास्थ्य केन्द्र कुश्मिसेरा मर्मत | ३,००,००० |
| २.३.८ | लैंगिक उत्तरदायी बजेट परिक्षण | १,००,००० |
| २.३.९ | मानव सेवा आश्रम व्यबस्थापन अनुदान | १,५०,००० |
| २.३.१० | एच आइ भि पोजेटिभ समूह सहयोग | ५०,००० |
| २.३.११ | जैमिनी स्काउट कार्यक्रम संचालन अनुदान | ६०,००० |

| | | |
|---|---|---|
| २.३.१२ | कुश्मीसेरा कवर्ड हल जैमिनी १ | २,५०,००० |
| २.३.१३ | डाँडाखानी कवर्ड हल जैमिनी १० | २,५०,००० |
| २.३.१४ | सिर्जनाटोल लाकुरीडाडा खेल मैदान व्यबस्थापन | १,४१,००० |
| २.३.१५ | जैमिनी तेक्वान्दो संघ | ४०,००० |
| **२.४** | **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | |
| २.४.१ | अन्तराष्ट्रिय महिला दिवस | ५०,००० |
| २.४.१ | महिला हिंसा विरुद्धको १६ दिने अभियान | १,००,००० |
| २.४.१ | घरेलु हिंसा विरुद्धको सचेतनामुलक कार्यक्रम | १,२५,००० |
| २.४.१ | जातीय विभेद निवारणका लागि सचेतना कार्यक्रम | २,००,००० |
| २.४.१ | जनजाती क्षमता अभिबृद्धि कार्यक्रम | १,२५,००० |
| २.४.१ | वाल अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम | १,००,००० |
| २.४.१ | माझि मुस्लिम गन्दर्भ चेपाङ र छन्त्याल समुदाय उत्थान कार्यक्रम | १,००,००० |
| २.४.१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,००० |
| २.४.१ | अपाङ्ग दिवस कार्यक्रम | २५,००० |
| २.४.१ | अपाङ्ग सहायता सामाग्री व्यवस्थापन | १,५०,००० |
| २.४.१ | सामाजिक परीक्षण कार्यक्रम | १,५०,००० |
| २.४.१ | छुवाछुत मुक्त राष्ट्र घोषणा दिवस जेष्ठ २१ | ५०,००० |
| २.४.१ | लैंगिक हिंसा निवारणको लागि जोडकोष | १,००,००० |
| **२.५** | **स्वास्थ्य** | |
| २.५.१ | विश्वब्यापि माहामारीको रुपमा रहेको कोभिड १९को रोकथाम तथा नियन्त्रण र पूर्ण कोभिड खोप कार्यक्रम व्यबस्थापन | २,००,००० |
| २.५.२ | क्षयरोगको माईक्रोषकोपिक क्याम्प | २०,००० |
| २.५.३ | नसर्ने रोगहरुको वडा स्तरीय सचेतना कार्यक्रम  क्यान्सर, उच्च रक्तचाप,मधुमेह,र स्वाशनलि र फोक्सो सम्बन्धि | ५०,००० |
| २.५.४ | सरुवा रोगको रोकथाम तथा नियन्त्रण को वडा स्तरीय सचेतना कार्यक्रम | ५०,००० |
| २.५.५ | टेलिमेडिसिन सञ्चालन ब्यबस्थापन कार्यक्रम | २,००,००० |

| | | |
|---|---|---|
| २.५.६ | एलोपेथिक औषधि त्रैमासिक रुपमा बार्षिक | १०,००,००० |
| २.५.७ | सर्जिकल र्सामाग्री त्रैमासिक रुपमा बार्षिक | ४,००,००० |
| २.५.८ | शहरी स्वास्थ्यका लागी ल्यापटप र प्रिन्टर | २,७०,००० |
| २.५.९ | स्वास्थ्य सेवा सुदृढीकरणको लागी स्थलगत अनुशिक्षण | २,००,००० |
| २.५.१० | स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाको लागी ब्यबस्थापन ( सरसफाई सामाग्री, सामाग्री ढुवानी,स्टेसनरी, बिजुली, पानीआदी) | ४,००,००० |
| २.५.११ | गर्भवती र सुत्केरीको साथीको पोषण,स्वास्थ्यकर्मी र स्वयंमसेविका कार्यक्रम | ७,००,००० |
| २.५.१२ | प्रसुतिका लागी यातायात सेवा कार्यक्रम | ४,००,००० |
| २.५.१३ | गर्भवती अबस्थामा जटिलता पहिचानको लागी ग्रामिण भिडियो एक्सरे | १,००,००० |
| २.५.१४ | महिला स्वास्थ्य स्वयम सेबिकाको लागी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम | २,४१,५०० |
| २.५.१५ | महिला स्वास्थ्य स्वयम सेबिकाको लागी सुरक्षित मातृत्व, बाल स्वास्थ्यमा काम गरे बापत यातायात र सञ्चार | ८,२८,००० |
| २.५.१६ | सुरक्षित मातृत्वको लागी मोबाईल संञ्चार सेवाको स्वास्थ्यकर्मीको १ दिने र महिला स्वास्थ्य स्वयम सेबिकाको लागी ३ दिने क्षमताअभिबृद्धि तालिम | ४,००,००० |
| २.५.१७ | दन्त सिबिर न.पा का सबै वडाहरुमा | ३,००,००० |
| २.५.१८ | एकिकृत बिशेषज्ञ स्वास्थ्य सिबिर ५ वटा ठाऊहरुमा | १,५०,००० |
| **३** | **पूर्वाधार विकास** | **२,०६,००,०००।** |
| ३.१ | **नगरका विभिन्न वस्ती तथा केन्द्र जोड्ने सडक** | |
| ३.१.१ | वाघखोर सावली नाम्दूक सडक वडा नं ३, ९ र १० | ८,००,००० |
| ३.१.२ | चिरपानी कह पैयु सडक वडा नं. २ र ९ | ८,००,००० |
| ३.१.३ | किटेनी नेवारे सडक वडा नं. १० | ८,००,००० |
| ३.१.४ | वोर धुल्लू केवै सडक वडा नं ७ | ८,००,००० |
| ३.१.५ | धुस वाईनकूना खोलाखानी फलाटे सडक वडा नं. ८ | ८,००,००० |
| ३.१.६ | वुढीखर्क पैरेनीघाट सडक वडा नं. ३ | ३,००,००० |
| ३.१.७ | मादी नायखूम सडक वडा नं ४ | ३,००,००० |

| | | |
|---|---|---|
| ३.१.८ | केवै सल्यानधारा हूदै खोलाखानी सडक वडा नं. ८ | ५,००,००० |
| ३.१.९ | रात्माटा कोरिडोर सडक वडा नं. ६ | ३,००,००० |
| ३.१.१० | कमलजैसी रानीवासे सडक वडा नं. २ | ४,००,००० |
| ३.१.११ | ओडार काभ्रे रामतोला सडक वडा नं. १ | ५,००,००० |
| ३.१.१२ | ठूलापोखरा सामूदायिक भवन वडा नं. १० | २,००,००० |
| ३.१.१३ | बालविकास प्रावि वाईनकूना छाना मर्मत वडा नं. ८ | १,००,००० |
| ३.१.१४ | बाओ सामूदायिक भवन वडा नं. ७ | २,००,००० |
| ३.१.१५ | दलित सामूदायिक भवन वडा नं. २ | २,००,००० |
| ३.१.१६ | कान्ले सामूदायिक भवन वडा नं. १ | २,००,००० |
| ३.१.१७ | विनामारे जिमिरे काभ्रेखोला चिलाउनेखर्क अर्जेवा सडक वडा नं. ५ र ६ | ४,००,००० |
| ३.१.१८ | जीपपार्क प्राथमिक स्वास्थ्यकेन्द्र सडक वडा नं. १ | ३,००,००० |
| ३.१.१९ | किटेनीकालाखोला सडक मर्मत वडा नं. १० | ३,००,००० |
| ३.१.२० | कृषि सडक वडा कार्यालय जाने सडक वडा नं. ७ | २,००,००० |
| ३.१.२१ | विपि स्मृति भवन निर्माण बागलुङ | ५,००,००० |
| ३.१.२२ | वन्दीगृह व्यवस्थापन वानपा बागलङ्ु नगरपालिका (कारागार) | १,००,००० |
| **३.२** | **अन्य पूर्वाधारजन्य आयोजनाहरु** | |
| ३.२.१ | वडाकार्यालय मर्मत सूधार पैयूथन्थाप वडा नं ९ | १,००,००० |
| ३.२.२ | थापाडाडा खोपकेन्द्र भवन निर्माण वडा नं ९ | ३,००,००० |
| ३.२.३ | कृषि सडकदेखि वूडाघर सम्म पदमार्ग निर्माण वडा नं. १ | २,५०,००० |
| ३.२.४ | ढाण सामूदायिक भवन मर्मत रंगरोगन तथा शौचालय निर्माण वडा नं. १ | १,५०,००० |
| ३.२.५ | शहिद स्मारक आधारभुत विद्यालय भवन मर्मत वडा नं २ | २,००,००० |
| ३.२.६ | सून्तलाचौर मावि घेरावार वडा नं २ | २,००,००० |
| ३.२.७ | चिउरीवोट घेस्तूङफाट मोटरबाटो निर्माण वडा नं ८ | २,००,००० |
| ३.२.८ | दोभान काउले भडकूवा मोटरबाटो वडा नं. ८ | १,००,००० |
| ३.२.९ | नेपानी केटीचौर मोटरबाटो स्तरोन्नती वडा नं. ८ | १,००,००० |
| ३.२.१० | सतिढूंगा मावि भवन कोठा निर्माण वडा नं. ७ | १,५०,००० |

| | | |
|---|---|---|
| ३.२.११ | कृषि सडकदेखि वोर खेलमैदान गैरास्वारा चौर मोटरबाटो वडा नं ७ | १,५०,००० |
| ३.२.१२ | धुल्लु सामूदायिक भवन निर्माण वडा नं. ७ | १,००,००० |
| ३.२.१३ | द्वारेवास गुरुङडाडा ओख्ले मोटरबाटो वडा नं १० | २,००,००० |
| ३.२.१४ | फलाटे धूस केवै मोटरबाटो वडा नं. १० | २,००,००० |
| ३.२.१५ | खाल्टेपानी जिमिरे थापा विरौटा मोटरबाटो निर्माण वडा नं. ४ | ४,००,००० |
| ३.२.१६ | वडा कार्यालय ट्रस निर्माण वडा नं. ३ | ४,००,००० |
| ३.२.१७ | शान्ति सृजना आमा समुह भवन मर्मत सूधार वडा नं. ६ | ३,००,००० |
| ३.२.१८ | परियारटोल शान्तिचौर गोरेटोबाटो वडा नं. ६ | ५०,००० |
| ३.२.१९ | पाडालोटे गौडा पैराढिक गोरेटोबाटो वडा नं. ६ | ५०,००० |
| ३.२.२० | देउराली भवन र चौतारा मर्मत वडा नं. ५ | १,५०,००० |
| ३.२.२१ | कूमलपधेरो सिचाई टंकी निर्माण वडा नं. ५ | २,५०,००० |
| **३.३** | **सिचाई कुलो निर्माण, मर्मत सुधार** | |
| ३.३.१ | भूषालकूलो सिचाई योजना वडा नं. ९ | १,५०,००० |
| ३.३.२ | अहालेखोला ज्यामिरेखेत सिचाई वडा नं ९ | १,५०,००० |
| ३.३.३ | सिरवारीखेत सिचाई वडा नं. १ | २,००,००० |
| ३.३.४ | गैराखेत सिचाई योजना वडा नं १ | १,००,००० |
| ३.३.५ | विराउने सिचाई योजना वडा नं.२ | १,५०,००० |
| ३.३.६ | पत्ल्यानीखोला ठुलाखेत सिचाई वडा नं. २ | १,५०,००० |
| ३.३.७ | जड्याखोला काडेमूल अर्चले सिचाई योजना वडा नं ८ | २,००,००० |
| ३.३.८ | जड्याखोला वर्दले उपल्लोकूले मर्मत वडा नं. ८ | १,००,००० |
| ३.३.९ | भालूखोला नयाचौतारा तल्लो कूलो सिंचाई वडा नं ७ | ७०,००० |
| ३.३.१० | जलकिनी छिरा विरौटा बाओखेत सिचाई वडा नं. ७ | १,३०,००० |
| ३.३.११ | लौवा तल्लो कूलो सिंचाई मर्मत वडा नं. ७ | १,००,००० |
| ३.३.१२ | सेलडाडा फांट सिचाई योजना वडा नं. १० | १,५०,००० |
| ३.३.१३ | लालमाले चिलाउनेखर्क फांट सिचाई योजना वडा नं. १० | १,५०,००० |
| ३.३.१४ | भ्राक्रिस्थान दशमूरे सिचाई टंकी निर्माण वडा नं. ४ | ३,००,००० |

| | | |
|---|---|---|
| ३.३.१५ | वैदाखर्क पिडाल्ना सिचाई योजना वडा नं. ३ | १,००,००० |
| ३.३.१६ | मैनवोट सिचाई पाईप खरिद वडा नं ३ | २,००,००० |
| ३.३.१७ | सिचाईकूलो व्यवस्थापनको लागि पाईप खरिद कार्यक्रम वडा नं६ | ३,००,००० |
| ३.३.१८ | भूनिया सिचाई कूलो निर्माण वडा नं. ५ | १,५०,००० |
| ३.३.१९ | मलेङ सिचाई कूलो निर्माण वडा नं ५ | १,५०,००० |
| ३.३.२० | हेलिप्याड निर्माण वडा नं. ३, ८ र १ को उपयूक्त स्थानमा | १५,००,००० |
| ३.३.२१ | नगरस्तरका मूख्य मूख्य सडक मर्मत सूधार | १५,००,००० |
| ३.३.२२ | जैमिनी १ टारमा रहेको भवन निर्माण सूधार (कार्यालय निवास प्रयोजन तथा अन्य) | १०,००,००० |
| ३.३.२३ | नगरस्तरका महत्वपुर्ण आयोजनाको डिपिआर निर्माण | ५,००,००० |
| ३.३.२४ | झोलूङ्गेपूल नियमित मर्मत संभार तथा संरक्षण | १,००,००० |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन** | **५०,००,०००।** |
| ४.१ | विपद व्यवस्थापन | ३०,००,०००। |
| ४.२ | तारजाली खरिद | १२,००,०००। |
| ४.३. | फोहरमैला व्यवस्थापन | ४,५०,०००। |
| ४.४ | वन, भूसंरक्षण तथा जलउत्पन्न प्रकोप, वृक्षारोपण | ५०,०००। |
| ४.५ | विपद जोखिम र प्रभावमा आधारित पुर्वानुमान(सचेतना कार्यक्रम र उद्धार) | १,००,०००। |
| ४.६ | अग्नी नियन्त्रण उपकरण रिफिल | ५०,०००। |
| ४.७ | विपद साझेदारी कार्यक्रम | १,५०,०००। |
| **५.** | **सुशासन तथा संस्थागत विकास** | **४०,००,०००।** |
| ५.१ | जैमिनी नपाको सूचनामुलक सामाग्री प्रशारण | १५०,०००। |
| ५.२ | डिजिटल नागरिक वडापत्र निर्माण | ७,००,०००। |
| ५.३ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन | ३,००,०००। |
| ५.४ | आवधिक योजना, मध्यकालिन योजना खर्च संरचना निर्माण | ७,००,०००। |
| ५.५ | अध्ययन अवलोकन भ्रमण | ३,००,०००। |
| ५.६ | समुदायमा सचेतना कार्यक्रम संचालन | ४,००,०००। |
| ५.७ | उपभोक्ता समितिलाईका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम | ६,००,०००। |
| ५.८ | वित्तिय उत्तरदायित्व, आलेप तालिम | १,००,०००। |
| ५.९ | लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट | १,००,०००। |
| ५.१ | गुनासो व्यवस्थापन | ५०,०००। |
| ५.११ | अन्तर स्थानीय तह समन्वय | १,००,०००। |
| ५.१२ | एकिकृत राजस्व सुधार योजना | १,५०,०००। |
| ५.१३ | कल सेन्टरको स्थापना | १,००,०००। |

| | | |
|---|---|---|
| ५.१४ | जनप्रतिनिधिका लागि पत्रकार महासंघ बागलुङ मार्फत संचार सीप तालिम | १,५०,०००। |
| ५.१५ | नक्शाङ्कन सहितको सूचना पाटी | १,००,०००। |
| **६** | **संघीय सरकार विशेष अनुदान** | |
| ६.१ | नगरका जोखिमयुक्त वस्ती संरक्षण कार्यक्रम | ८०,००,००० |
| ६.२ | लैंगिक समानता सामाजिक समावेशीकरण कार्यक्रम | ५०,००,०००। |
| **७** | **संघीय सरकार सम्पुरक अनुदान** | |
| ७.१ | कुश्मिसेरा सर्कुवा व्यारथाला केवै हुदै ८ न वडा कार्यालय छिस्ती | ५०,००,०००। |
| **८** | **प्रदेश सरकार विशेष अनुदान** | |
| ८.१ | वोर खानेपानी तथा सरसफाई कार्यक्रम | ६०,००,०००। |
| **९** | **प्रदेश सरकार सम्पुरक अनुदान** | |
| ९.१ | न्वार ढिक धुल्लु विहारथला हाडिकोट सडक | ६०,००,०००। |
| १० | सडक वोर्ड नेपाल साझेदारी कार्यक्रम | ६०,००,०००। |
| ११ | वडागत बजेट तथा कार्यक्रम | ३,००,००,०००। |
| १२ | गैर सरकारी संस्था/अन्तरराष्ट्रिय गैसस सहकार्य | १६,००,०००। |
| १३ | सुरक्षित आप्रवाशन परियोजना व्यवस्थापन सहकार्य | ४,००,०००। |
| १४ | सवारी साधन व्यवस्थापन | ४०,००,०००। |
| १५ | जग्गा व्यवस्थापन कार्यक्रम | १२,००,०००। |
| १६ | वडागत मर्मत संभार कोष | ४०,००,०००। |
| १७ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | २,००,००,०००। |
| १८ | दिगो सडक विकास कार्यक्रम | १,३०,००,०००। |
| १९ | कार्यालय पूँजीगत बजेट फर्निचर | २५,००,०००। |
| २० | विपद व्यवस्थापन कोष | १५,००,०००। |
| २१ | खरका छाना विस्थापन कार्यक्रम | २०,००,०००। |
| २२ | नगरको जेसिवि परिचालन तथा व्यवस्थापन | १५,००,०००। |
| २३ | नगर सुरक्षा सेवा | ५,००,०००। |
| २४ | सुकुम्वासी समस्या समाधान भूमि आयोग सम्बन्धी | १०,००,०००। |
| २५ | घरवार विहिनहरुको आवाश कार्यक्रम | २०,००,०००। |
| २६ | न्यायिक समिति | ७,००,०००। |
| २७ | नगरपालिकाका सवै शिर्षकको चालु खर्च | १०,२५,७३,०००। |
| २८ | संघीय तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न विषयगत क्षेत्रह ( शिक्षा, स्वास्थ्य, कृषि, पशु, झोलुङ्गेपुल, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा घटनादर्ता सुदृढिकरण आयोजना, सुरक्षित आप्रवाशन लगायत) जम्मा रु. | ३७,७०,००,०००। |

**अध्यक्ष महोदय,**

उपरोक्त अनुसार जैमिनी नगरपालिकाको आगामी आ.व.२०७९।८० को लागि आय तर्फ कुल जम्मा रु. ७०७०७३०००। सत्तरी करोड सत्तरी सत्तरी लाख त्रिहत्तर हजार रुपैया मात्र र व्यय तर्फ कुल जम्मा रु. ७०७०७३०००। सत्तरी करोड सत्तरी लाख त्रिहत्तर हजार रुपैया मात्र प्रस्ताव पेश गरेको छु । उल्लेखित बजेटमा सामाजिक सुरक्षा कार्यक्रम र गैरसरकारी क्षेत्रको बजेट समावेश गरिएको छैन । प्रस्तुत वजेट तथा कार्यक्रममा अनुमान गरिएको अ.ल्या.रकम थप वा घट भएमा आवश्कयताको आधारमा कार्यपालिका एवं नगरसभाबाट निर्णय गरी कार्यान्वयन गर्न प्रस्ताव गर्दछु । आगामी आ.व.मा नगरपालिकाबाट लगाईने कर, शुल्क, दस्तुरका लागि तयार गरिएको आर्थिक विधेयक र आगामी आ.व.२०७९।८० को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक २०७९ स्वीकृतिका लागि पेश गरेको छु । आर्थिक विधेयकसँग सम्बन्धित प्रस्तावित करका दरहरु अनुसूचि (१) मा समावेश गरेको छु । वडास्तरका आयोजना/कार्यक्रम र बजेट विनियोजनको विस्तृत विवरण यसै साथ संलग्न गरी पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

प्रस्तावित बजेटलाई वडास्तरबाट प्राप्त मागहरुको प्राथमिकता र आवश्यकताको आधारमा महत्वपूर्ण सल्लाह र सुझाव सहित शिर्षकगत रुपमा छलफल गरी पारित गर्नुहुन विश्वास लिएकोछु ।

बजेट आफैमा तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास मात्र सम्भव छैन । तसर्थ राजनैतिक दल, सम्पूर्ण संघसंस्था तथा सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र यो सम्भव छ । समग्र जैमिनी नगरको विकासबाट सम्बृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडी वढाउदै तर्जुमा भएका योजना तथा कार्यक्रमलाई प्रभावकारी र वैज्ञानिक कार्यान्वयन गर्न सवै तिरबाट यथोचित सहयोग हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, नगरस्थित क्रियाशिल राजनैतिक दलहरु, आम संचार जगत, नागरिक समाज, नगरबासी दाजुभाई तथा दिदिबहिनीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । जैमिनीको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म जैमिनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने विश्वास लिएकोछु ।

हरिहर शर्मा
नगर उपप्रमुख

धन्यवाद ।